स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी दशैंको फूलपाती अर्थात् असोज १३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको एक्सनप्रधान फिल्म 'बलिदान'मा अभिनेता समीर भ को जोडी बनेकी अभिनेत्रीलाई चार महिनाको छायांकन अवधिभर सार्वजनिक गरिएन । छायांकनको अन्तिम चरणमा भने फिल्मकी मुख्य अभिनेत्री कविता राय रहेको खबर मिडियामा सार्वजनिक भयो । अन्ततः उक्त खबर सत्य सावित भएको छ । शुक्रबार निर्माण टिमले कविताको क्यारेक्टर पोस्टर सार्वजनिक गरेको छ ।

आजको विचार...



देश... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



यसवर्ष हामीले मीनबहादुर भाम निर्देशित "शाम्भाला"मा कर्णालीको बहुपतिप्रथाको कथा हेर्‍यौं । हलमा चलिरहेको "लाज शरणम्"ले कर्णालीलाई काठमाडौंसम्म जोड्ने प्रयत्न गरेको छ । यो मेसोमा कर्णालीको मर्मस्पर्शी कथा समेटेर फिल्म "द्रौपदी"ले शुक्रबार ट्रेलर सार्वजनिक गरेको छ । ऋषिराज आचार्य निर्देशित फिल्ममा कर्णालीको महिलाले भोग्नुपर्ने बुहार्तन, निःसन्तानको पीडा र शोषणको कथा समेटिएको छ । कर्णालीको सौन्दर्यमा लुकेको मानवीय संवेदनाको मर्म यसमा निहित छ ।

❒ वर्ष ३० ❒ अंक २२४ ❒ २०८१ फागुन २५ गते आइतबार 9 March 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा १२ जनाको मृत्यु

(रासस/एएफपी)

**केभ, युक्रेन, फागुन २४/** शनिबार बिहानसम्म पूर्वी युक्रेनमा रातभर गरिएको रूसी आक्रमणमा कम्तीमा १२ जनाको मृत्यु भएको देशको आपतकालीन सेवाले जनाएको छ । यो घटना साउदी अरेबियामा अमेरिका र युक्रेनी वार्ताकारहरूबीच युद्धविरामको लागि हुने वार्ताको केही दिन अगाडि भएको हो ।

युक्रेनको डोनेट्स्क क्षेत्रको डोब्रोपिलियाको केन्द्रमा शुक्रबार राति भएको रुसी आक्रमणमा ११ जनाको मृत्यु हुनुका साथै ३० जना घाइते भएको आपतकालीन सेवाले जनाएको छ । खार्किभ क्षेत्रका सैन्य प्रमुख ओलेग सिनेगुबोभले शनिबार बिहान बोगोदुखिभ सहरमा भएको ड्रोन हमलामा एक जनाको मृत्यु भएको र अन्य सात जना घाइते भएको बताए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसमाथि नयाँ प्रतिबन्ध र शुल्क लगाउने धम्की दिएका बेला रातभर हवाई आक्रमण भएको हो । अमेरिकी राष्ट्रपतिले शुक्रबार पत्रकारहरूलाई भने,"उहाँ रूसी राष्ट्रपति भ्लादिमिर पुटिनमाथि विश्वास गर्नुहुन्छ । मलाई वास्तवमै युक्रेनसँग सम्झौता गर्न गाह्रो लाग्छ र उनीहरूसँग कुनै विकल्प छैन । रूससँग सम्झौता गर्न सजिलो हुन सक्छ ।" साथै, पत्रकारहरूलाई मन्तव्य दिएको केहि समय पछि राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार युक्रेनमा बमबारी गरेकोमा रुसमाथि नयाँ प्रतिबन्ध र कर लगाउने धम्की दिएको छन् । "रूसले अहिले युद्धभूमिमा युक्रेनलाई पूर्ण रूपमा आक्रमण गरिरहेको छ ।

## अन्तर्राष्ट्रिय महिला दिवस

# दिवसले छोएन पालपाका महिला मजदुरलाई

रामचन्द्र रायमाझी

**पाल्पा, फागुन २४/**११५ औं अन्तर्राष्ट्रिय महिला दिवस देशैभरि विभिन्न कार्यक्रम गरी मनाइएको छ । मार्च ८ लाई विश्वभरका महिलाले 'अन्तर्राट्रिय महिला दिवस' का रूपमा मनाउने गरिरहेका छन् । नेपालमा पनि पछिल्ला केही वर्षयता यस दिवसलाई भव्य रूपमा मनाउने प्रचलन बढेरहेको छ । तर मजदुरी गरी जिविकोपार्जन गर्दै आएका महिलाले भने यस बारे थाहा नभएको बताउँछन् । उनीहरुका लागि महिला दिवस "कागलाई बेल पाक्यो हर्ष नबिस्मात" भने जस्तै भएको छ ।

पाल्पामा ग्रामीण भेगबाट सदरमुकाम तानसेनमा मजदुरी गर्न आएका अधिकांस महिलाहरुलाई दिवस बारे थाहै छैन ,बरु साँझ बिहानको छाक टार्न के काम पाइन्छ भन्ने पिरलो छ । तानसेनमा घर बनाउने काममा इँटा, ढुङ्गा, बालुवा, माटोको काम गर्दै आएकी बगनासकाली गाउँपालिका घोरबण्डाकी ४९ वर्षीया मीना कुमाल सधैं जस्तै शनिबार पनि काममै व्यस्त थिइन् । एनजेडीले उनलाई आज त अन्तर्राष्ट्रिय महिला दिवस तपाईंले मनाउनुभएन ? भन्ने प्रश्न गर्दा कुमालले जवाफ दिइन् 'एक दिन महिला दिवस मनाएर के गर्नु भोलिदेखि काम नगरी खान पुग्दैन । छाक टार्न काम गर्नैपर्छ । आज दिवस मनाउन गयो भने एक दिनको कमाइ हानी हुन्छ ।'



अन्तर्राट्रिय महिला दिवसका दिन तानसेनको भगवतीटोमा घर बनाउने काममा बालुवा बनाउदैं महिला ।

यस्तै तानसेन अर्चेलेकी सुमित्रा पुनः पनि तानसेनमै ज्याला मजदुरी गर्दै आएकी छन् । कैलाशनगरमा बारी खन्दै गरेको अवस्थामा भेटिएकी उनले अन्तर्राष्ट्रिय महिला दिवसबारे सुनेकी समेत छैनन् । 'महिला दिवस कुन चराको नाम हो, हामीलाई थाहा छैन,' दिवसबारे प्रश्न गर्न नपाउँदै उनले भनिन्, 'हामीलाई त काम मात्रै थाहा छ ।' महिलाको हक, अधिकारका बारेमा विभिन्न दलहरूको वकालत सुन्दै आएकी पुनले जीवीकोपार्जनको लागि सानै उमेरदेखि अर्काकोमा मजदुरी गर्दै आइरहेको बताइन् । दिवसका बारेमा आफूलाई पूर्णरुपमा जानकारी नभएको उनी भन्छिन्, 'महिला दिवसमा सबैले मिठो मसिना खाने र रमाइलो गरेर मनाउँछन होला, खै हाम्रो त कमाइ केही छैन, के खानु के रमाउनु ? एक दिन काम नगरे साँझ चुलो बल्दैन ।' घोरबन्दकै सुन्तली कुमालको पनि दिन ज्याला मजदुरीमै बित्ने गर्छ । आकासिएको महँगीसँगै छोराछोरीको पढाई खर्च र बिहान बेलुकाको हातमुख, जोड्ने जोहो गर्न दैनिक रुपमा काममा निस्कनु कुमालको बाध्यता हो । झिसमिसेमा उठेर घरको दैनिक र त्यसपछि ज्यालादारीमा काम गर्न निस्कनु उनको दैनिकी नै हो । बिहान र दिउँसोको चर्को घाममा इँटा, ढुङ्गा, बालुवा, माटोको काममा नै कुमालको समय बित्ने गर्छ । दैनिक ज्यालादारीमा काम गर्ने र त्यही ज्यालाले बिहान बेलुकाको गर्जो टार्दै आएको उनले बताइन् । तानसेनको भगवतीटोलमा घर निर्माणका लागि बालुवा उठाउँदै गरेको अवस्थामा भेटिएकी उनले भनिन्, 'महिला दिवस हामी जस्ता दुःखीको लागि कागलाई बेल पाक्यो, हर्षन विस्मात । यो त राम्रो कमाउने र रमाउनेका लागि हो ।' उनीहरु जस्तै जिल्लामा सयौं महिला मजदुरहरु दैनिक मजदुरी गर्दै आएका छन् । शनिबार देशैभर विभिन्न कार्यक्रम गरि अन्तर्राष्ट्रिय महिला दिवस मनाई रहँदा जिल्लाका अधिकांस मजदुरी गर्ने महिलाहरुलाई भने छोएन । उनीहरुलाई महिला दिवस हो भन्नेसम्म जानकारी छैन ।

दिवसले वास्तविक श्रमिक महिलालाई समेट्न नसकेको राप्रपाकी नेतृ राधादेवी रायमाझीले बताइन् । दिवसलाई विना तयारी र औपचारिकतामुखी बनाइँदा पनि सम्बन्धित सरोकारवाला व्यक्ति नै छुट्ने गरेको उनको भनाइ छ । 'यो कुनै दल, संगठन वा व्यक्तिले चाहेर हुने कुरा होइन, वास्तविक श्रमिक महिलालाई दिवस मनाउन सक्ने वातावरणको लागि दीर्घकालीन सोचका साथ योजना हुनुपर्दछ,' रायमाझीले भनिन् । उनले दीर्घकालीन सोचका साथ नीतिगत रूपमा श्रमिक महिलाको हकहितलाई समेटेर कार्यक्रम ल्याउन सकेमात्र दिवस मनाउनुको औचित्य हुने उल्लेख गरिन् ।

## तिब्बतमा भूकम्प, नेपालमा धक्का




**पाल्पा, फागुन २४/**चीनको तिब्बतस्थित डिङ्गे काउन्टी केन्द्रबिन्दु भएर भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार शनिबार दिउँसो २ बजेर ३५ मिनेटमा उक्त स्थानमा केन्द्र भएर ५ दशमलव ९ रेक्टर स्केलको भूकम्प भएको हो ।

त्यहाँ गएको भूकम्पको धक्का नेपालका विभिन्न जिल्लाहरुमा महसुस गरिएको छ । शनिबार बिहान मात्रै म्याग्दीमा ३ बजेर १४ मिनेटमा ४ म्याग्निच्युडको भूकम्प गएको र बिहान ६ बजेर २० मिनेटमा बागलुङमा ४ दशमलव १ म्याग्निच्युडको भूकम्प गएको केन्द्रको वेबसाइटमा उल्लेख छ । डिङ्गे काउन्टी केन्द्र भएर गत पुष २३ गते पनि ६ दशमलव ८ म्याग्निच्युडको भूकम्प गएको थियो ।

त्यति बेला ९५ जनाको मृत्यु भएको अन्तराष्ट्रिय सञ्चार माध्यमहरुले जनाएका थिए । त्यो बेला पनि भूकम्पको धक्का नेपालका विभिन्न जिल्लासँगै भुटानको थिम्पु, भारतको बिहार र बङ्गलादेशसम्म महसुस गरिएको थियो । डिङ्गे काउन्टी क्षेत्रमा पटक पटक भूकम्प गइरहेको छ ।

## मोहन कन्यामा महिला दिवस : सान्दर्भिकता बारे चर्चा

**पाल्पा, फागुन २४/**जिल्लाको तानसेनस्थित मोहन कन्या माध्यमिक विद्यालयले ११५ औं अन्तर्राष्ट्रिय महिला दिवस मनाएको छ । विद्यालयले अभिमुखीकरण कार्यक्रमको आयोजना गरी दिवस मनाएको हो ।

कार्यक्रममा दिवसको सान्दर्भिकताका बारेमा चर्चा गरिएको थियो । विद्यालय प्रांगणमा आयोजित कार्यक्रममा विद्यालयका शिक्षक गोपाल प्रसाद वश्यालले "अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको परिचय र सान्दर्भिकता" विषयक अवधारणा–पत्र प्रस्तुत गर्दै चर्चा गरेका थिथए । उनले महिलाहरूले प्राप्त गरेका सामाजिक, आर्थिक, साँस्कृतिक, र राजनीतिक उपलब्धिहरूको पहिचान र सम्मान गर्न लैंगिक विभेद, लैंगिक असमानता, महिलाविरुद्धका हिंसा र महिला अधिकारका मुद्दाहरूको समाधानका लागि कार्य गर्न, श्रमिक महिलाहरूको अग्रसरतामा मनाउन थालिएका कारण यसलाई श्रमिक महिला दिवस भन्ने गरिएको बताए । संयुक्त




राष्ट्र संघले १९७५ देखि मात्र अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन सुरू गर्‍यो । सहजकर्ता बश्यालले नारी दिवसको महत्वबारे प्रकाश पार्दै यस दिनमा लैंगिक समानताका पक्षमा भएका प्रगतिहरूको समीक्षा गर्ने, थप छलफल, सुझाव र सुधारका प्रयास गर्ने, महिलाहरूको सामाजिक, आर्थिक र राजनीतिक प्रगतिको सम्मान, र लैंगिक समानताका लागि पैरवी गर्नका लागि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको महत्व एवम् सान्दर्भिकता रहेको उल्लेख गरे । साथै महिला अधिकारको पैरवी गर्नुका साथै लैंगिक दरार, प्रजनन् अधिकार, महिला हिंसा तथा यातना विरुद्धका मुद्दाहरूप्रति सबैको ध्यान जानुपर्नेमा उनले जोड दिए । यसैगरी प्रस्तोता बश्यालले विश्व मानव अधिकार घोषणा पत्र, नेपालको संविधान र कानूनहरूमा भएका ब्यवस्थाअनुसार महिलाको अवस्था, नेपालमा नारी अधिकारका लागि योगकुमारी न्यौपाने लगायतको योगदान, नेपालका साहसिक एवम् सफल महिलाहरूबाट लिनुपर्ने पाठ, महिला सशक्तिकरणका लागि राज्य तथा संस्थागत प्रयासका साथै स्वयम् महिलाहरूको बौद्धिक विकास, मनोबल र लगनशीलता पनि आवश्यक पर्ने बताए ।

उनले महिलाहरूको सशक्तिकरण, सबलीकरण र सहभागिता सुनिश्चिताका लागि, विकास कार्यमा साझेदारीका लागि, महिला हिंसा विरुद्ध सचेतनाका लागि र स्वयम् जागृत हुनका लागि कार्य गर्न आह्वान गरे । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक दिपक ज्ञवालीले नारी चेतना र सशक्तिकरणका लागि मोहन कन्या विद्यालय स्थापना गरिएको इतिहास सम्झिँदै नेपालका महिलाहरूको सामाजिक, राजनीतिक, सेवा क्षेत्रमा रहेको योगदानको चर्चा गरे । उनले आफ्नो सशक्तिकरण र समाज सेवाका लागि विद्यार्थीहरूलाई उत्प्रेरित गरे । प्रधानाध्यापक ज्ञवालीको अध्यक्षता, शिक्षक होम बहादुर खड्काको सञ्चालन कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## डढेलो नियन्त्रणका लागि तयारी गर

विपद् बाजा बजाएर आउँदैन, तर धेरै विपद्ले आउन लागेको संकेत दिइरहेकै हुन्छन् । अहिले यस्तै संकेत दिइरहेको विपद् हो- डढेलो । विगतका दृष्टान्तबाट पनि डढेलो कुन समयमा लाग्छ र कहाँ कहाँ बढी प्रभाव पार्छ भन्ने अनुमान गर्न सहज भएको छ । नेपालमा हरेक वर्ष मध्य फागुनदेखि मध्य वैशाखसम्म डढेलो लाग्छ । त्यसमा पनि चैत १५ को आसपास यसको जोखिम ७४ प्रतिशत र मध्य वैशाखमा ५१ प्रतिशतसम्मले बढ्छ । खासगरी सुकेका पतिङ्गर बढी रहेको, सुक्खा क्षेत्रमा बढी डढेलो लाग्छ । हिउँदमा रूखबाट पात झर्ने र पतिङ्गर जम्मा हुने भएकाले त्यस लगत्तैको समयमा डढेलोको जोखिम बढी हुने गरेको हो । यतिका संकेत पाउँदापाउँदै हामीकहाँ प्रतिकार्यको कमजोर तयारीले गर्दा हरेक वर्ष डढेलोले जनधनको क्षति गरिरहेकै छ ।

पछिल्ला वर्षहरूमा त झन, जलवायु परिवर्तनसँगै तापक्रममा भएको वृद्धिका कारण लामो समयसम्म खडेरी पर्दा सानो झिल्कोले पनि डढेलोको रूप लिने खतरा बढी छ । जङ्गलमा आगो लाग्ने/लगाउने अनेकन कारण छन् । कतिपय क्षेत्रमा घाँस बाक्लो पलाउँछ भनेर समुदायले नै वनमा डढेलो लगाउने परम्परा छ । कहिलेकाहीँ चट्याङले समेत आगो लाग्ने गरे पनि यसका मुख्य कारक भने मानवीय गतिविधि नै हुन् । डढेलो जसरी लागे पनि, यसको मारमा भने त्यहाँका चराचुरुङ्गी, जीवजन्तु र जैविक विविधतादेखि वरिपरिका मानव बस्तीसम्म पर्छन् । बस्तीमा आगलागी आगोसँगको खेलाँची तथा असावधानीका कारण मात्र होइन, विद्युतीय सञ्जालमा आउने गडबडीका कारण पनि हुन्छ । यसको न्यूनीकरणका लागि आगलागीसम्बन्धी सचेतना आवश्यक छ । जनमानसमा चेतना भएर मात्रै पुग्दैन, उनीहरू यसप्रति संवदेनशील पनि बन्नुपर्छ । जङ्गलमा लाग्ने डढेलोका हकमा भने स्थानीय समुदाय नै बढी जागरुक हुनुपर्छ । सकेसम्म आगो लाग्नै नदिनेतर्फ जोड दिइनुपर्छ । अहिले पाल्पासहित देशका अधिकांस जिल्लाहरुमा डढेलो लागिरहेको छ । तर त्यहाँ अहिलेसम्म प्रभावकारी तयारी थालिएको पाइँदैन । डढेलोबाट बर्सेनि क्षति भइरहँदा पनि सरकारले यसको नियन्त्रणमा खटिने गरी छुट्टै युनिट तयार नगर्नु ठूलो कमजोरी हो । अर्कातिर, सरोकारवाला निकायहरू उत्तरदायी देखिँदैनन् । हरेक वर्ष मनसुनजन्य विपद्को प्रतिकार्य योजना बन्छ, तर डढेलो प्राथमिकतामै पर्दैन । डढेलो व्यवस्थापनप्रति तीनै तहकार सरकार कतिसम्म उदासीन छन् भने अहिलेसम्म यसको नियन्त्रणका लागि कति रकम आवश्यक पर्छ भन्ने यकीन समेत गरेका छैन । जसले गर्दा हरेक वर्ष डढेलोका कारण ठूलो मानविय तथा भौतिक क्षति हुने गरेको छ । यसर्थ अब डढेलो नियन्त्रणका लागि अलग्गै संरचना र जनशक्ति तयार गर्नेतिर ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

असफलता भनेको अन्तिम गन्तव्य होइन,
यो त तपाईंलाई अझ बलियो बनाउने पाठ हो।
*(प्रेम श्रेष्ठको फेसबुक स्टाटस https://www.facebook.com/shrestha.prem08)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# देश सञ्चालनको आधार : विधि की राजनीति ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

उत्कृष्ट जनताको शासन व्यवस्था मानिने गणतान्त्रिक साशन व्यवस्था अभ्यासको करीब दुई दशक अवधि बेथित हुँदै गर्दा मौलाउँदै गरेको राजनीतिक हस्तक्षेप र राजनीतिकरणका कारण राज्य सञ्चालनको आधार विधि की विकृत्त राजनीति भन्ने बहस पनि हुन थालेको छ । यहि कारण उत्कृष्ट मानिएका ऐन नियम, कानुन, संविधान सबै फिका फिका हुँदै गएको अनुभुति हुन् थालेको छ । अनुसाशन, आर्दश र नैतिकता खोज्न नेपाली शब्द कोष नै पल्टाउनु पर्ने देखिन्छ । बेथिति र ऐन, नियम मिचाँईका स्वेच्छाचारी श्रृखला दैनिक चलिरहेको देखिन्छ । देश विकास, समृद्धि र जनतालाई सुखी र खुशी राख्ने कुरा चर्का भाषणमा नै सिमित रहेको देखिन्छ । लुईस चौधौले जस्तो 'म नै राज्य हुँ ।' जस्तै सत्ता समालेका राजनीतिक दलका नेतृत्वहरु देखिने गर्दछन् । सत्तामा हुँदा र सत्ता बाहिर हुँदा बोलीने बोलीमा ठूलो अन्तर देखिन्छ । आफैले बनाएको ऐन नियम, संविधानको पालन नगरी परिवर्तनको बहस चलिरहेकै देखिन्छ । उल्लेखित विविध पक्षलाई हेर्दा राज्य सञ्चालनको आधार विधि की राजनीतिक नेतृत्वको आदेश वा स्वेच्छाचारी व्यवहार यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

विधिको साशनलाई कानुनी साशन पनि भनिन्छ । यसको खास लक्ष्य हो कानुनी राज्यको स्थापना गर्नु । जहाँ सबै नागरिक समान हुन्छन्, कुनै किसिमको विभेद रहँदैन् र आर्दश देशको स्थापना हुन्छ । यस साशन व्यवस्थामा कानुन सर्वोच्च हुने गर्दछ । ठूलालाई ऐन र सानालाई चैन भन्ने उखान सुन्नु पर्दैन् । राज्यका अंग र सवैधानिक निकायहरु शक्ति पृथकीकरणको सिद्धान्तद्वारा सञ्चालित हुने गर्दछन् ।

राजनीति राज्यको नीति हो । यसले राज्य व्यवस्था सञ्चालनको आधार तयार गर्दछ । आवश्यक मार्ग दर्शन पनि गर्दछ । यसैले साशन व्यवस्था सञ्चालनमा जनताको छोरोलाई सर्वोच्च स्थानमा पुर्‍याउने गर्दछ । प्रजातान्त्रिक र लोकतान्त्रिक आधार पनि यसैले तयार गर्दछ । यसबाट निरुकुंश र तानशाह पद्धतीको अन्त्य गर्दै जनताको भावना र आकाक्षा अनुसार देश सञ्चालनको आधार तयार गर्दछ । देश सञ्चालनको सबै भन्दा भरपर्दो स्रोतको रुपमा राजनीति पर्ने गर्दछ ।

विधिको साशन र राजनीति एक सिक्काका दुई पाटा जस्तै हुन् । विधिको साशनको अभ्यास गर्ने र यसलाई स्थापित गर्ने पनि राजनीति नै हो । यी दुई लाई राज्य सञ्चालनमा फरक-फरक पाटाबाट हेर्नु पनि उपयुक्त हुँदैन् । तर नेपालको साशन व्यवस्था सञ्चालनमा पछिल्लो समय राजनीतिलाई विकृत्त बनाउँदै लगेको कारण सुशासन र विधिको साशान स्थापित गर्न नसकिएको कुरामा दुईमत नरहला । विश्वका विकसित देशका उदाहरण दिइरहन्छौ ती देश विकसित हुनुको एउटै कारण विधिको अभ्यास हो भन्ने कुरामा बेखवर जस्तै छौं । आफैले बनाएको संविधान, ऐन नियम र कानुन पालना गर्न नसकि परिवर्तनको श्रृखला सञ्चालन गर्नू

*विधिको साशनलाई कानुनी साशन पनि भनिन्छ । यसको खास लक्ष्य हो कानुनी राज्यको स्थापना गर्नु । जहाँ सबै नागरिक समान हुन्छन्, कुनै किसिमको विभेद रहँदैन् र आर्दश देशको स्थापना हुन्छ । यस साशन व्यवस्थामा कानुन सर्वोच्च हुने गर्दछ । ठूलालाई ऐन र सानालाई चैन भन्ने उखान सुन्नु पर्दैन् । राज्यका अंग र सवैधानिक निकायहरु शक्ति पृथकीकरणको सिद्धान्तद्वारा सञ्चालित हुने गर्दछन् । राजनीति राज्यको नीति हो ।*

*यसले राज्य व्यवस्था सञ्चालनको आधार तयार गर्दछ । आवश्यक मार्ग दर्शन पनि गर्दछ । यसैले साशन व्यवस्था सञ्चालनमा जनताको छोरोलाई सर्वोच्च स्थानमा पुर्‍याउने गर्दछ । प्रजातान्त्रिक र लोकतान्त्रिक आधार पनि यसैले तयार गर्दछ । यसबाट निरुकुंश र तानशाह पद्धतीको अन्त्य गर्दै जनताको भावना र आकाक्षा अनुसार देश सञ्चालनको आधार तयार गर्दछ । देश सञ्चालनको सबै भन्दा भरपर्दो स्रोतको रुपमा राजनीति पर्ने गर्दछ ।*

*विधिको साशन र राजनीति एक सिक्काका दुई पाटा जस्तै हुन् । विधिको साशनको अभ्यास गर्ने र यसलाई स्थापित गर्ने पनि राजनीति नै हो । यी दुई लाई राज्य सञ्चालनमा फरक-फरक पाटाबाट हेर्नु पनि उपयुक्त हुँदैन् । तर नेपालको साशन व्यवस्था सञ्चालनमा पछिल्लो समय राजनीतिलाई विकृत्त बनाउँदै लगेको कारण सुशासन र विधिको साशान स्थापित गर्न नसकिएको कुरामा दुईमत नरहला । विश्वका विकसित देशका उदाहरण दिइरहन्छौ ती देश विकसित हुनुको एउटै कारण विधिको अभ्यास हो भन्ने कुरामा बेखवर जस्तै छौं ।*

नेपालको पछिल्लो समय देखिएको स्वेच्छाचारी प्रवृत्ती विधिको साशन स्थापित गर्न नसक्नुको सबै भन्दा खराब पक्ष हो । राजनीतिक हस्तक्षेप ,ढाकछोप र भागबण्डा जस्ता पक्षले विधिको साशन स्थापित गर्ने पक्षमा समस्या सिर्जना गरिदिएको छ ।

**विधिको साशनको अभ्यास र राजनीति विकृत्त बन्नुका पक्षहरु :**

विधिको साशनमार्फत कानुनी राज्य स्थापना गर्न नसक्नु र राज्य सञ्चालनको आधार राजनीतिलाई विकृत्त र अलोकप्रिय बनाउन खोज्नुका केहि पक्षहरुमा पछिल्लो समय विकास हुँदै गएका घटनाक्रमले देखाउने गर्दछ । यस्तो प्रवृत्तिको विकासमा नयाँ पुराना राजनीतिक दलहरु अछुतो देखिदैनन् । सत्ताबाट बाहिर बस्न नै नसक्ने अवस्थामा पुगेको देखिन्छ ।

यसका केहि पक्षहरुमा : दलहरु सत्ता प्राप्ती र सत्ताबाट बाहिर जान नपर्ने खेलमा लागि रहेको देखिन्छ भने सत्ता पनि हरेक दलका मूख्य नेतृत्वले कुनै न कुनै भष्ट्राचार र बेथितिको कार्यमा संलग्न हुनु र कारवाही, छानबीन हुने, राजनीति समाप्त हुने, जेल जानु पर्ने डर र त्रास यसको एक कारण हो । यसका साथै यस्तै कार्यमा संलग्न भएका आफ्ना नजिकका आसेपासेलाई बचाउनका लागि गरिने सरकार र शक्तिको दुरुपयोग विधिको साशन स्थापित गर्न नसक्नुको कारण बनेको छ । यसका साथै चुनाव परिणामलाई आफ्नो पक्षमा पार्नका लागि गरिने सत्ता र शक्तिको दुरुपयोग ,करोडौ रकमको लेनदेन पनि कारण बनेको देखिन्छ । एउटै उद्देश्य जनताको दैनिकी र जीवनस्तर सुधारको लागि नभएर पाटी,कार्यकर्ता र आफ्नो लागि राजनीतिक नेतृत्व केन्द्रीत हुँदा राजनीतिलाई विकृत्त बनाउँदै लगेको देखिन्छ । जनताका बीचमा अलोप्रिय भएता पनि स्वार्थका लागि जस्तो सुकै निर्णय गर्नु जस्तोसुकै कार्य र हर्कत गर्नपछि नपर्ने हाम्रा राजनैतिक दलका नेतृत्व भएको देखिन्छ । यसले राजनीतिलाई विकृत्त बनाउन सहयोग पुर्‍याएको देखिन्छ । सरकारमा रहेर बजेटलाई आफ्नो नीजि जस्तै गरि प्रयोग गर्न तम्सनु, रातारात बजेटका शिर्षक र कार्यक्रमलाई परिवर्तन गर्नु, असमानुपातिक वितरण गर्दै बजेटको ठूलो अंश आफ्नो क्षेत्र, जिल्लामा लाने दौडधुप, कमिसन, आर्थिक प्रलोभनमा करका दरहरुमा रातारात परिवर्तन, आर्थिक नीतिमा कुनै अदृश्य स्वार्थ समूहको उद्देश्य अनुरुप परिवर्तन गर्नु, वित्तिय अनुसाशनको कति ख्याल नगर्नु अर्को कारण बन्न पुगेको छ । यसका साथै पछिल्लो समय राजनीतिक दलले सरकारलाई शक्ति प्राप्तिको स्रोतको रुपमा प्रयोग गर्दै, आसेपासेलाई विभिन्न क्षेत्रहरुमा नियुक्ति गर्ने, देश भित्र र बाहिर राज्यको स्रोतको दोहन गर्न पाईने उल्लेखित विविध कारणले गर्दा नेपालमा विधिको साशनको अभ्यास गर्न सकेको देखिदैन् भने राज्य सञ्चालनको एक मात्रै आधार राजनीति जसलाई विकृत्त बनाउदै लगेको देखिन्छ ।

**निष्कर्ष :**

विधि र राजनीति एक अर्काका परिपुरक जस्तै हुन । यी दुवै राज्य सञ्चालनका आधार पनि हुन् । राजनीतिको बागडोर सम्हालेका राजनीतिक दलका नेतृतवले यसको स्वेच्छाचारी प्रयोग गर्दा राजनीतिलाई विकृत्त बनाएको देखिन्छ भने यहि कारण राज्य कानुनी राज्यको रुपमा स्थापित गर्न सकेको देखिदैन् । देशमा पछिल्लो समय देखिएको निराशा र वितृष्णाको मुख्य कारण पनि विधिको साशनको अभ्यास गर्न नसक्नु रहेको देखिन्छ । देशमा विद्यमान कानुन, ऐन नियम र संविधानको अक्षरांश पालन गर्न सकेमा विधिको साशन स्थापित हुनेमा दुईमत रहँदैन् ।

राजनीतिक नेतृत्वले व्यवहार र कार्यशैलीमा परिवर्तन गरुन् देशमा रहेका विद्यमान ऐन नियममा होइन । यसो गरेमा विकृत्त राजनीतिको अन्त्य र विधिको साशन स्थापित हुने कुरामा दुईमत रहँदैन् । यसका लागि सम्वद्ध पक्षहरु ऋा-आफ्नो स्थानबाट लाग्ने की?

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आँटेको कार्य समयमा सम्पादन हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ । | **तुला** : तर्क शक्तिमा वृद्धि हुनेछ । अध्ययन अध्यापनमा पनि मन लाग्नेछ। |
| **वृष** : विवादास्पद मामिलाहरू सुल्झिन सक्छन्। नोकरीमा सफलता मिल्ने छ । | **वृश्चिक**: नोकरीमा चुनौतीहरुको सामना गर्नुपर्ने हुन्छ । कामको दबाब रहनेछ । |
| **मिथुन** : सामाजिक दायित्व निर्वाह गर्नुपर्ला । धर्म वा आस्थामा रुचि बढ्नेछ। | **धनु** : महत्त्वपूर्ण कार्यमा अस्तव्यस्त रहने समय छ। साझेदारी व्यापारबाट लाभ मिल्नेछ। |
| **कर्कट** : काममा सफलता मिल्नेछ। अवसरवादीहरूबाट सावधान रहनुहोला। | **मकर** : कार्यक्षेत्रमा विरोधीहरूले हजुरको कार्यमा प्रश्न गर्न सक्ने समय छ । |
| **सिंह** : अरूको लागि बुद्धि र श्रम खर्च गर्नुपर्ला । आर्थिक पक्ष सुदृढ रहनेछ। | **कुम्भ** : कलाको क्षेत्रमा रुचि बढ्नेछ । अरूलाई सुझाव दिँदा विचार गर्नुहोला । |
| **कन्या** : अधिकारी वर्गहरूबाट प्रशंसा पाइनेछ । कारोबारमा लाभ मिल्नेछ । | **मीन** : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। अध्ययनमा प्रगति हुनेछ । |

# कृषि

## दूधको अवैध ओसारपसारले किसान मर्कामा



बाँकेका खुला सीमा क्षेत्रबाट दूधको अवैध ओसारपसार हुँदा स्थानीय किसान मर्कामा परेका छन् । जिल्लाका विभिन्न सुइया, खडैचा, जमुनाहा, शिउपुरीलगायत नाकाबाट कम गुणस्तरीय दूध आयात भएर सस्तो मूल्यमा बिक्री वितरण हुँदा स्थानीय किसान मर्कामा परेका हुन् । दुग्ध उत्पादक संघका केन्द्रीय सदस्य इन्द्रप्रसाद लुइँटेलले खुला सीमा क्षेत्रबाट दैनिक एक हजार लिटर दूध अवैधरूपमा आयात भएको जिकिर गर्दै तत्काल यसको अन्त्य गर्न माग गरे । 'किसानले उत्पादन गरेको दूधबाट व्यापारीलाई भन्दा किसानलाई फाइदा हुनुपर्छ तर भारतबाट आएको अवैध दूधले यहाँको उत्पादनलाई विस्थापन गरेको छ', उनले भने ।

लुइँटेलले रू ३० देखि ५० सम्ममा भारतबाट भित्रिएको अवैध दूधको मूल्य रहेको जानकारी दिँदै भारतबाट आउने कम गुणस्तरीय दूध सेवनबाट स्वास्थ्यमा प्रतिकूल असर पर्ने बताए । उत्पादनका आधारमा राज्यले सुविधा दिएर किसानलाई प्रेरित गर्न आग्रह गर्दै उनले अवैध रूपमा भित्रिएको दूधबाट राज्यले कर पनि नपाएको र किसान पनि मर्कामा परेको गुनासो गरे। 'कर्मचारीले नदेखेजस्तो गर्ने र प्रहरी पनि थाहा नपाएजस्तो गरेर अवैध दूधको आयात भइरहेको छ', लुइँटेलले भने ।

लुम्बिनी प्रदेशका कृषिमन्त्री दिनेश पन्थीले दूधको अवैध ओसारपसार प्रहरी र कर्मचारीबीच समन्वय र सहकार्यमा जोड दिँदै नागरिकका हैसियतले कर्तव्य र दायित्व पूरा गर्न सबैलाई आग्रह गरे । उनले अहिलेसम्म विभिन्न अभ्यास भएको तर त्यो पर्याप्त नभएकाले त्यसलाई नयाँ ढंगले छलफल गरेर न्यूनीकरण गर्न प्रयास गरिने बताए ।

दुग्ध व्यवसायी पूर्णप्रसाद अधिकारीले भने, 'दूधको व्यवस्थापन गर्न राज्यले नसक्ने हो भने पशुपालन पनि बन्द गरौँ ।' बाख्रापालक व्यवसायी प्रेमराज सुवेदीले पशुपालनको महत्त्व राज्यले बुझ्न नसकेको आरोप लगाउँदै पशुपालनबाट माटोको संरक्षण भइरहेको बताए । 'अखाद्य र रासायनिकतत्वले माटाको उर्वराशक्ति कमजोर भएको छ तर पशुपालनबाट त्ससको संरक्षण हुँदै आएको छ', उनले भने । *-रासस*

## पशुपालनसँगै मौरीपालनमा रमाइरहेका मनराज



करिब एक दशक लामो वैदेशिक जीवन बिताएर स्वदेश फर्किएर व्यावसायिक पशुपालन र मौरीपालनमा रमाइरेका इटहरीका किसान मनराज राम्रो आम्दानी भइरहेको बताउँछन् ।

इटहरी उपमहानगरपालिका-१९ का मनराज पुरी आठ वर्ष साउदी र मलेसियामा काम गरेर स्वदेश फर्किएका हुन् । उनले सानो लगानीबाट पशुपालन र मौरीपालनमा गरेका थिए । अहिले त्यही व्यवसाय ठूलो आम्दानीको स्रोत बनेको उनी बताउँछन् । आफूले १७ वर्षको उमेरमा बाबुआमा गुमाएको सुनाउँदै मनराजले भने, "विदेशमा गएर दुःख र मेहेनत गरेर कमाएको थोरै पैसा आफ्नो देशमा लगानी गरेर केही व्यवसाय सुरू गरौँ भन्ने सोच राखे, अरू बिजनेस गर्ने सोच भए पनि तरिका खासै नभएका कारण पशुपालनमा लगानी गरेर सुरू गरेँ ।"

गाईबाख्राबाट व्यवसाय सुरू गरेका उनीले पछिल्लो समय मौरीपालन सुरू गरेका छन् । अहिले मौरीबाट राम्रो आम्दानी भइरहेको उनी भन्छन् । "यो व्यवसायले आफू आत्मनिर्भर बनेको जस्तो महसुस भएको छ, आफ्नो व्यवसायले दिने जति आनन्द अरूको नोकरी गर्दा पाइँदैन", उनले भन्, "अहिले यही व्यवसायबाट वार्षिक रूपमा रू आठदेखि नौ लाखसम्म कमाइ हुने गरेको छ, घरव्यवहार सबै यही कमाइले पुगेको छ ।" व्यावसाय सुरू गर्दा चुनौती र अवसर त हुन्छन् नै । गाईपालन गर्दा दूध उत्पादन गरी बिक्री गर्न गाह्रो पो होला बजार नपाइएला भन्ने लागेको थियो तर निकै सहज भएको उनको बुझाइ छ । "अहिले दैनिक रूपमा ४० देखि ५० लिटरसम्म दूध आफैँले स्थानीय बजार होटल र डेरीमा बिक्रीका लागि पुर्याउने काम गरिरहेको छु", मनराज भन्छन् । उनले अगाडि भने, "विदेशमा गएर अर्काको दुःख गर्नुभन्दा आफ्नै देशमा सानोतिनो लगानी गरेर भए पनि राम्रो आम्दानी गर्न सकिन्छ । गाउँमै रोजगारीको सिर्जना पनि हुने अरूलाई पनि रोजगार दिन सकिने आफू लागि पनि रोजगार हुने ।" मनराजले पशुपालन व्यवसाय सुरू गरेसँगै गाईफार्ममा दुई जना कामदार राखेका थिए । गाउँमै रोजगार दिन पाउँदा आफूलाई गर्व महसुस भएको उनी बताउँछन् । "आठ वर्षदेखि उहाँहरूले काम गर्दै आउनुभएको छ, महिनामा रू २२ हजार काम गरेबापतको तलब दिने गरेको थिए", पुरीले भने, "पछिल्लो केही महिनाअघि उहाँहरूले काम छाडेपछि अहिले हामी आफैँ परिवार मिलेर व्यवसाय सञ्चालन गरिरहेका छौँ ।"

"गाई र खसीबाख्रालाई दिने घासको खासै दुःख छैन, आफैँले गाईलाई दिने घाँस आफ्नै बारीमा रोपेका छौँ", उनले भने, "एक बिघा बढी जग्गामा धानखेती गर्ने गरेका छौँ । त्यहाँबाट गाईका लागि पराल घाँस आउँछ, घासँको दुःख हुँदैन घाँस बाहिरबाट खासै खरिद गर्न परेको छैन ।" उनका अनुसार खसीबाख्राचाहिँ अझ केही चरन र डालेघाँस बढाएर पाल्न सकियो भने सम्भावना राम्रो छ । मनराजले मौरीपालनमा राम्रो आम्दानी हुने देखेपछि एक वर्ष अगाडि चार घार मौरी किनेर सुरू गरेका छन् । अहिले उहाँसँग ४० घार बढी मौरी रहेका छन् । उनले भने, "सुरूमा हेर्दा मौरीबाट के आम्दानी होला र जस्तो लाग्ने तर विस्तारै घार बढाउँदै लगेँ र यहाँबाट राम्रो आम्दानीको सम्भावना देखेपछि अहिले मौरीपालनलाई अझ बढी प्राथमिकता दिएर सञ्चालन गरिरहेको छु ।"

"मौरीपालन अरूले गरेको देखेर सुरू गरेको हुँ, सम्भावना पनि राम्रो देखेको छु", उनले भने, "मौरी फूलको सिजनमा भने धेरै उत्पादन गर्न सकिन्छ २२ देखि ३० दिनमा मह काढ्न मिल्छ, उत्पादन पनि धेरै हुन्छ ।" फूल फुल्ने सिजन र स्रोत नहुँदा भने कहिले तीन महिनासम्म समय लाग्ने गरेको उनी अनुभव सुनाउँछन् । मनराजले मौरीको घार गोटाको रू १४ हजारमा खरिद गरेर पालिरहेका छन् । एउटा घारमा एक पटक मह काढ्दा छ केजीसम्म उत्पादन हुने गरेको उनले बताए । उनले भने, "बिक्रिका लागि इटहरीकै स्थानीय बजारमा बिक्री गर्दै आएको छु ।" गाउँमै मौरीपालन र परामर्श तालिम किसानले लिन पाए भने मौरीपालनबाट राम्रै आम्दानी गर्न सकिन्छ । गाउँमा नै उत्पादन गरिएको अर्ग्यानिक मह बिक्री गरी राम्रो मूल्य लिन सकिने उनको अनुभव छ । अहिले उनीले मह प्रतिकेजि रू सात सय ५० देखि रू एक हजारसम्ममा घरबाट नै बिक्री गर्ने गरेको बताए । मौरीपालन कम लगानीबाट पनि सुरू गर्न सकिन्छ । लगानी गरेर यसलाई राम्रो दिगो आम्दानीका रूपमा गर्न सकिने व्यवसायका रूपमा लिन सकिन्छ । राम्रो व्यवस्थापन बजारको अध्ययनसँगै आधुनिक प्रविधिसँगै सरकारबाट राम्रो अनुदान पाउनसके मौरीपालनबाट पनि आम्दानीको सम्भावना बढ्दै जाने उनको भनाइ छ । *-रासस*


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


## कागती खेतीमा रमाउँदै नगर प्रमुख पण्डित



समाजसेवा र राजनीतिसँगै व्यावसायिक कृषि कर्ममा पनि सफल भएका छन् तनहुँको शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित । व्यावसाय र राजनितिक क्षेत्रमा सफल मानिने नगर प्रमुख पण्डित व्यावसायिक कृषि कर्ममा लागेका छन् ।

उनले म्याग्दे गाउँपालिका-४ मा १० रोपनीभन्दा बढी क्षेत्रफल जमिनमा कागती खेती गरेका छन् । चाहना र समय व्यवस्थापन गर्न सके हरेक क्षेत्रबाट उत्पादन तथा आम्दानी लिन सकिने उनको बुझाई छ । उनी हरेक बिहान कागती गोडमेल र रेखदेखका लागि केही समय छुट्याएर बारीमा पुग्ने गर्छन् । स्वास्थ्यका लागि समेत बिहान सबेरै उठेर बिरुवाको गोडमेल गर्न उपयुक्त हुने उनी बताउँछन् ।

उनी भन्छन्, 'हाल एक हजारभन्दा बढी कागतीका बोटले फल दिन सुरु गरेको छ ।' घरायसी प्रयोगका लागि प्रशस्तै पुग्ने भए पनि आगामी वर्षबाट व्यावसायिक रुपमा उत्पादन हुने उनी बताउँछन् ।

'आगामी वर्षबाट बजार पठाउने कागती उत्पादन हुनेछ', उनी भन्छन्, 'एक सिजनमा १५-२० हजार किलो कागती उत्पादन हुन्छ ।' भुगोल र माटो सुहाउँदो खेती गरेकाले बादर लगायतका जंगली जनावरले समेत क्षति पुर्याउन नसक्ने र बाँझिएको जमिनको उपयोग हुने नगर प्रमुख पण्डितको भनाइ छ । पृथ्वी राजमार्गबाट छोटो दुरीमा रहेको जमिनमा सामाजिक व्यक्तित्वले कृषि खेती गर्दा युवालाई कृषितर्फ प्रोत्साहन गर्न सकिने उनको बुझाइ छ । सामाजिक व्यक्तित्वले कागजी खेती गरेपछि अन्यलाई समेत यस प्रतिको प्रेरणा मिलेको छ । सामान्यतया कोदो, मकै लगायतका खाद्यान्न लगाउँदा जंगली जनावरले क्षति पुर्याएको भनेर बाँझिदै गएको जमिनमा कागती खेती गरिएको हो । *-रासस*

## भोजपुरमा अकबरे खुर्सानीको प्रशोधन केन्द्र बनाइँदै



किसानको राम्रो आम्दानीको स्रोतका रूपमा रहेको 'अकबरे खुर्सानीको प्रशोधन केन्द्र' स्थापना गरिने भएको छ । किसानले उत्पादन गरेको अकबरे खुर्सानीले राम्रो मूल्य पाउने वातावरण निर्माणका लागि भोजपुरमा प्रशोधन केन्द्र स्थानपाको पहल थालिएको हो ।

किसानले उत्पादन गरेको अकबरे (डल्ले) खुर्सानीलाई गुणस्तरीय ढङ्गले भण्डारण तथा विभिन्न परिकार बनाएर आन्तरिक तथा बाह्य बजारमा पठाउने लक्ष्यले कृषि ज्ञान केन्द्रले यहाँ प्रशोधन केन्द्र स्थापनाका लागि पहल थालेको हो । बढी उत्पादन भएको याममा किसानले राम्रो मूल्य पाउन नसकेको गुनासो बढेपछि यहाँ नै खुर्सानीको प्रशोधन तथा भण्डारण गरेर बाह्य बजारमा पठाउने लक्ष्यले प्रशोधन केन्द्र स्थापना गर्न लागिएको हो ।

भोजपुरमा अकबरे खुर्सानी प्रशोधन केन्द्र स्थापनाका लागि कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा कार्यक्रम माग गरेर पठाएको कृषि ज्ञान केन्द्रका प्रमुख मुकेशकुमार यादवले जानकारी दिए । मन्त्रालयबाट कार्यक्रम स्वीकृत भएर आएपछि यहाँ केन्द्र स्थापनाका काम अघि बढ्ने प्रमुख यादवले बताए ।

जिल्लामा खुर्सानीखेती गर्ने किसानको सङ्खया बढ्दै गएको प्रमुख यादवको भनाइ छ । यहाँ छ सय हेक्टर क्षेत्रमा व्यावसायिक रूपमा खुर्सानीखेती भइरहेको तथ्याङ्क रहेको प्रमुख यादवले जानकारी दिए । आगमी दिनमा क्षेत्र अझ विस्तार हुने उनको भनाइ छ । *-हाम्राकुरा डटकम*

## कहाँबाट आइरहेको छ बाह्रै महिना पाइने मेवा र खर्बुजा ?



बजारमा हामीले जुनसुकै मौसममा मेवा तथा खर्बुजा देखिरहेका हुन्छौं ।

यो बाह्रै महिना पाइन्छ । होटल-रेष्टुरेन्टमा यसको बढी खपत हुन्छ। हाल भारतीय बजारबाट ठूलो परिमाणमा मेवा तथा खर्बुजा आइरहेको नेपाल फलफूल थोक व्यवसायी संघ, काठमाडौंका अध्यक्ष अमन बानियाँले जानकारी दिए । 'दैनिक १५ देखि २० लाखको खर्बुजा र २० लाखको मेवा खपत हुन्छ,' उनले भने, 'तर त्यो सबै पैसा भारतमा जान्छ ।'

नेपाली उपभोक्ताले गर्मी मौसममा यसको उपभोग गर्छन् । यो समयमा थोरै मात्रामा नेपाली उत्पादन पनि आउने गरेको छ । बाह्रै महिना ठूलो परिमाणमा मेवा, खर्बुजा खपत हुने भएपनि स्वदेशमा भने यसको उत्पादन नगन्य मात्रामा भएको उनको भनाइ छ । सरकारले मेवा तथा खर्बुजा उत्पादनमा प्रोत्साहन गर्न सके यहीका किसानलाई फाइदा पुग्ने उनी बताउँछन् । 'मेवाको उत्पादन हाम्रोमा नगन्य मात्रामा छ। खर्बुजा भने वैशाखदेखि असारसम्म स्वदेशी उत्पादन आउँछ,' उनले भने ।

खर्बुजा पनि यहाँ भारतीय किसानले नै लगाएको उनी बताउँछन्। हाल कालीमाटी बजारमा मेवा प्रतिथोक मूल्य ४० देखि एक सय रूपैयाँमा बिक्री भइरहेको छ ।

त्यस्तै, खर्बुजा भने प्रतिकिलो ५० देखि ६० रूपैयाँमा बिक्री भइरहेको छ ।

*-सेतोपाटी डटकम*

# युवालाई डिजिटल मार्केटिङ र उद्घोषण तालिम




**कृष्ण पोखरेल**

**पाल्पा, फागुन २४**/सशक्तिकरण विकास नेपाल तानसेन पाल्पाले युवाहरुलाई लक्षित गरेर तीन दिने उद्घोषण तथा डिजिटल मार्केटिङ तालिम दिएको छ । युवाहरुमा आत्मविश्वास बढाउन, नेतृत्वको विकास गर्न, आफ्ना कुराहरु निर्धक्क भएर अर्को पक्षलाई सुनाउन व्यबहारिक अभ्यासदेखी सैद्धान्तिक ज्ञान प्रदान गर्न तालिम दिइएको हो ।

तालिममा तानसेन नगरपालिकाका १४ वटै वडाबाट दुई/दुई जना युवाहरुको सहभागिता रहेको थियो । नगरका सबै वडामा युवा अभियान बढाउन, युवालाई हरेक गतिविधिमा सक्रिय बनाउन, युवामा बोल्ने बानीको विकास गर्न, उद्घोषण तालिम केन्द्रीत रहेको संस्थाकी अध्यक्ष एञ्जिना खनालले बताईन । तीन दिने तालिममा प्रशिक्षक कला दाहाल, शंकर भण्डारी र सुरेश परियारले सहजीकरण गरेका थिए । यसैगरी संस्थाले युवाहरुलाई आइटी क्षेत्रमा दक्ष र क्षमतावान बनाउन तीन दिने डिजिटल मार्केटिङ्ग तालिम पनि दिएको छ । त्रिभुवन बहुमुखी क्याम्पसमा एमविएस अध्ययनरत विद्यार्थी र पाल्पा क्याम्पस ( जेभिटी) मा विविएसमा अध्ययनरत विद्यार्थीहरुले तालिम लिएका छन् । तालिम निकै प्रभावकारी भएको सहभागी विद्यार्थीहरुले बताएका छन् । व्यक्तिगत जीवन तथा रोजगारीको लागि पनि तालिम प्रभावकारी रहेको विधद्यार्थीहरुले बताए । तालिमको टुना टेक्नोलोजीका प्रमुख राजीव गौतम र म्यानेजर सरोज पन्थीले सहजीकरण गरेका थिए । तालिममा सामाजिक विकास डिभिजन कार्यालय पाल्पाले आर्थिक सहयोग गरेको थियो । तालिमको समापन कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, सामाजिक विकास डिभिजन कार्यालय पाल्पाका प्रमुख मित्र प्रसाद गौतम र पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई लगायतले अहिले जसले आफ्ना कुराहरु स्पष्ट राख्छ त्यसको भविष्य राम्रो रहेको बताए । कार्यक्रममा अतिथीहरुले डिजिटल ज्ञानले नै राम्रोसँग जीवन विताउन सक्ने भएकाले दुबै उद्देश्य निकै प्रभावकारी भएको र तालिममा सिकेका कुराहरुलाई व्यवहारमा लागु गरेमा जीवन परिवर्तन गर्न सकिनेमा जोड दिए । शसक्तिकरण विकास नेपाल तानसेनकी अध्यक्ष एन्जिना खनालको अध्यक्षता, प्रशिक्षक कला दाहालको सञ्चालनमा तालिम समापन भएको थियो ।


## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पा

## पशुपालक कृषकहरुलाई पिपिआर रोग सम्बन्धी जानकारी

### पिपिआर रोग र यसको उत्पत्ति

- पिपिआर बाख्रामा लाग्ने घातक संक्रामक रोग हो । अफ्रिका महादेशबाट शुरु भएको यो रोग हाल विश्वका धेरै मुलुक हुदै नेपालका अधिकाश जिल्लामा फैलिसकेको छ । नेपाल सरकारले सन २०३० भित्रमा रोग उन्मुलन गर्ने लक्ष्यका साथ कार्यक्रम हरु संचालन गर्दै आइरहेको छ । यो रोग भेडाबाख्रामा मात्र लाग्दछ ।

### पिपिआर रोग चिन्ने तरिका

- भेडाबाख्रामा कडा ज्वरो आउने, सिगान बग्ने, आँखामा न्याल काड्ने र चिप्रा (कचेरा) देखिने, पातलो दिशा गर्ने मुख तथा गिजामा पानीका फोका जस्ता घाउ आउने र पछी उक्त घाउ फुटी पाप्रा बन्ने र भेडाबाख्राले दानापानी खान नसक्ने अवस्था हुन्छ ।

### पिपिआर सर्ने तरीका

- यो रोग हावाको माध्यम संगै भेडाबाख्राको प्रत्यक्ष लसपस भएको अवस्थामा, सिगान न्याल, बड्कौला, तथा भेडाबाख्रालाई दिने दाना पानी भाडाकुडाबाट सजिलै सर्न सक्छ ।

### पिपिआर रोगबाट बचाउने तरिका

- पिपिआरबाट बच्न तथा बचाउनको लागी सबैभन्दा प्रभावकारी उपाय भनेको प्रत्येक पशुहरुमा फागुन चैत्र महिनामा पीपीआर विरुद्धको खोप लगाउनु पर्छ । ३ महिनाभन्दा माथी उमेर पुगेका सम्पूर्ण उमेर समुहका पशुलाई खोप लगाउन सकिन्छ ।
- एक पटक खोप लगाई सकेपछि पुन ३ बर्षसम्म उक्त पशुलाई खोप दिनु पर्दैन । सकेसम्म चरनमा नलैजाने, संक्रमण देखिएको खोरमा फर्मालिन, पोटास पानीको प्रयोग गर्ने र लक्षणको आधारमा पशुसेवाको क्षेत्रमा काम गर्ने प्राविधिकको सल्लाह र निगरानीमा उपचार गराउनु पर्दछ ।
- चाड पर्वमा, जनावरको व्यापार बढी हुने समयमा यो रोगको संक्रमण बढी फैलिन्छ । तीन महिना उमेर कटिसकेका पाठापाठीहरुलाई यो रोग लाग्दछ ।

### रोकथाम तथा नियन्त्रण

- रोगी पशु अलग्गै छुट्याउने, चरन क्षेत्रमा रोगी भेडाबाख्रा नपठाउने, बाहिरबाट ल्याइएका भेडाबाख्रालाई तत्कालै नयाँ बथानमा नमिसाउने, २१ दिन पूर्व खोप लगाएका भेडाबाख्रा मात्र किन्ने गर्नुपर्दछ । नियमित आन्तरिक परजीवि औषधी खुवाउने, जनावरको आवतजावतमा रोक लगाउने, रोग लागेको ठाउँमा खोप कार्यक्रम चालु गर्नुपर्छ ।


भेटवार्ता

# 'सर्वदलीय स्ववियु बनाउन लागि परेका छौं'



'क्याम्पस र विद्यार्थी हकहितको लागि सर्वदलीय स्ववियु नै उपयुक्त मोडल हो । त्यसैले सबैलाई स्विकार्य, दर्ता भएका संघ संगठनको सहभागितामा सर्वदलीय नेतृत्व चयनको लागि छलफल अगाडि बढाएका छौं ।'

हरिबोल भट्टराई
पूर्व स्ववियु सभापति
त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा

*त्रिभुवन विश्वविद्यालयले देशभरी आङ्गिक क्याम्पसहरुमा आउँदो चैत्र ५ गतेका लागि स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन घोषणा गरेको छ । निर्वाचन तालिका अनुसार देशभरीका क्याम्पसहरुमा विद्यार्थी संघ/संगठनले आ-आफ्ना गतिविधिहरु अगाडि बढाएका छन् । त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा पनि स्ववियु निर्वाचनको लागि विद्यार्थी संघ/संगठनले निर्वाचन केन्द्रीत गतिविधि बढाएका छन् । सबैजसो संघ संगठनले आ-आफ्नो निर्वाचन परिचालन समिति गठन गरेका छन् । नेपाल विद्यार्थी संघ (नेविसंघ) ले स्ववियुको लामो अनुभव बटुलेका पूर्व स्ववियु सभापति तथा नेविसंघका पूर्व केन्द्रीय सदस्य **हरिबोल भट्टराई**लाई निर्वाचन परिचालन समितिको संयोजक तोकेको छ । उनले २०७९ मा भएको त्रिभुवन बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनमा सबै संघ/संगठनको सहभागितामा सर्वदलीय स्ववियु गठन गरेर देशमै नमुना स्ववियु बनाउन सफल भएका थिए । उनै भट्टराईसँग स्ववियु निर्वाचन केन्द्रित रहेर **नवजनचेतना दैनिकले** गरेको कुराकानीको सम्पादित अंश ।*

**- तपाईलाई नै नेपाली काँग्रेसले नेविसंघ निर्वाचन परिचालन समितिको संयोजक किन बनाएको होला ?**

मैले त्रिभुवन बहुमुखी क्याम्पसको सबै कुरा बुझेको छु । १२ बर्षसम्म क्याम्पसमा स्ववियु सभापति भएर काम गरे । त्यो भन्दा अगाडि स्ववियु कोषाध्यक्ष र सदस्य भएर १६ बर्षसम्म त्रिभुवन बहुमुखी क्याम्पसमा मेरो योगदान रहेको छ । नेविसंघ क्याम्पस इकाई सभापति पनि भएर काम गरे । दिएको जिम्मेवारी राम्रोसँग पुरा गर्ने भएर नै होला पार्टीले संयोजकको जिम्मेवारी दिएको होला।

**- त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा निर्वाचनको माहोल कस्तो छ ?**

अहिले पहिले-पहिले जस्तो क्याम्पसहरुमा चुनावी माहोल देखिदैन । विद्यार्थीहरुमा पनि राजनीतिमा चासो कम हुँदै गएको छ । अर्कोतर्फ व्यवस्थित रुपमा निर्वाचन प्रक्रियाहरु सुधार हुँदै गएका छन । तडक भडक होहल्ला देखिदैन । क्याम्पसमा ५ विद्यार्थी संघ/संगठन र एउटा समुहले स्ववियु निर्वाचनको लागि दर्ता गरेका छन् । निर्वाचन माहोल दिन प्रतिदिन बढ्दै गएको छ ।

**- क्याम्पसहरुमा किन स्ववियुको आवश्यक छ ?**

क्याम्पस भनेको विद्यार्थीहरुले अध्ययन गर्ने स्थान हो । क्याम्पस प्रशासन र विश्वविद्यालयले जे भन्यो त्यही एकतर्फी रुपमा लागु गर्न खोज्दछ । अर्कोतर्फ विद्यार्थीको हकहित अधिकार, सेवा सुविधा तथा आवाजलाई सम्बोधन गर्न स्ववियु आवश्यक छ । क्याम्पस र स्ववियुको सहकार्यबाट नै क्याम्पसलाई राम्रो बनाउन सकिन्छ । स्ववियुमार्फत सम्पुर्ण विद्यार्थीको हकहित अधिकार प्राप्तिको लागि काम गर्न सकिन्छ । स्ववियु सबै क्याम्पसहरुमा बनाउन आवश्यक छ ।

**- पाल्पाका सबै क्याम्पसहरुमा स्ववियु त छैन नि, के स्ववियु नभएका क्याम्पसका विद्यार्थी हकअधिकारबाट बञ्चित छन् त ?**

निकै राम्रो प्रश्न गर्नुभयो । हो पाल्पाका ४ वटा क्याम्पसमा मात्र स्ववियु गठन छ । हामीले जिल्लामा रहेका सबै विद्यार्थीहरुको छलफलबाट पाल्पामा रहेका सबै क्याम्पसहरुमा स्ववियु गठन गर्ने काममा विगतमा नेविसंघको नेतृत्वमा एक पटक छलफल भएको थियो तर निरन्तरता भएन । आगामी दिनमा सर्वपक्षिय छलफलबाट सबै क्याम्पसमा स्ववियु गठन गर्न पहल गर्न सकिने छ । पक्कै पनि स्ववियु गठन नभएका क्याम्पसहरुमा विद्यार्थीहरुको हक अधिकार सेवा सुविधा सुनिश्चित भएको छैन् । क्याम्पस प्रशासनले जे भन्यो त्यही मान्नु पर्ने अवस्था छ । त्यहा सहजीकरण गर्ने, हकअधिकारको बारेमा बोल्ने आधिकारिक संस्था नहुँदा विद्यार्थीहरु मर्कामा परेका छन् ।

**- विद्यार्थी संगठनबिच एकल प्रतिष्प्रर्धा हुन्छ की अघिल्लो निर्वाचन झै सर्वदलीय स्ववियु गठन हुन्छ ?**

क्याम्पसमा एकल प्रतिष्प्रर्धा गर्ने विद्यार्थी संघ/संगठनले पाएको अधिकार हो । सबै विद्यार्थी संघ संगठनको चाहाना विद्यार्थी हकहितकै लागि काम गर्ने हो । क्याम्पसलाई राम्रो बनाउने हो । वास्तवमा भन्ने हो भने गत निर्वाचनमा त्रिभुवन बहुमुखी क्याम्पसमा हामीले गरेको अभ्यास सर्वदलीय स्ववियु गठनको प्रभाव निकै राम्रो परेको छ । निर्वाचन भएपछि कुनै दिन पनि असमझदारी बनेन । गएको स्ववियु निर्वाचन मेरो प्रत्यक्ष सहभागितामा नेविसंघको तर्फबाट कृष्ण अर्यालको नेतृत्वमा ७ वटा पक्षलाई सहभागी गराएर सर्वदलीय स्ववियु गठन गरेका थियौं । उनको नेतृत्वले कुनै पनि विवाद नआउने गरी विद्यार्थी तथा क्याम्पसहितको लागि राम्रो काम गर्‍यो । यस पटक पनि सर्वदलीय नेतृत्व चयनको लागि छलफल शुरु गरेका छौं ।

**- के अहिले पनि सर्वदलीय स्ववियुको सम्भावना छ ?**

क्याम्पस र विद्यार्थी हकहितको लागि सर्वदलीय स्ववियु नै उपयुक्त मोडल हो ।

**- सत्ता गठनबन्धन जस्तै यहाँ पनि नेविसंघ र अनेरास्ववियुबिच गठनबन्धन हुने हो की ?**

सत्ता गठनले पाल्पा त्रिभुवन बहुमुखी क्याम्पसलाई कुनै प्रभाव पार्दैन । यस्ता कुरा माथिबाट जवरजस्ती गर्न पनि हुँदैन । क्याम्पसको अवस्था अनुसार स्वतन्त्र निर्णय गर्नु पर्दछ । हामीले टियु तानसेनको अवस्था अनुसार काम गर्ने छौं । सबैलाई सहभागी गराएर नमुना स्ववियु निर्वाचन गराउन मेरो प्राथमिकता रहने छ ।

**- सर्वदलीय उम्मेदवारी कहिले टुङ्गो लागाउनु हुन्छ ?**

निर्वाचनको लागि उम्मेदवारी मनोनयन दर्ता भन्दा पहिले नै फागुन २६ गते भित्र कुन संगठनले कुन -कुन पद लिने भन्ने विषयमा टुङ्गो लगाउछौं । फागुन २७ गते सबै संघ संगठनले संयुक्त रुपमा सर्वदलीय स्ववियु निर्वाचनको लागि उम्मेदवारी मनोनयन दर्ता गर्दछौं ।

**- नेविसंघले स्ववियु सभापति नपाए पनि सर्वदलीय सहमति कायम हुन्छ ?**

नेविसंघले पद लिनका लागि मात्र उम्मेदवारी दिने होइन । विगतमा गरेका कामको समिक्षा, नेतृत्वमा आईसकेपछी क्याम्पसमै रहेर गरेको योगदानको मूल्याङ्कन गर्नुपर्दछ । म २० बर्षदेखी नै तानसेनमा बसेर विद्यार्थी हकहितको लागि काम गर्दै आएको छु । स्ववियुमा म पछिको नेतृत्व गरेका कृष्ण अर्यालले पनि २ बर्ष दायाँ बायाँ नलागी स्ववियुको काम गरे । त्यकारण पनि नेविसंघले स्ववियुको नेतृत्व गर्नुपर्दछ र सबैलाई सहभागी गराएर नेविसंघले लैजान सक्छ ।

**- नव निर्वाचित स्ववियुले क्याम्पसमा गर्नुपर्ने मुख्य काम के-के छन् ?**

पाल्पाको त्रिभुवन बहुमुखी क्याम्पसमा अहिले विज्ञान संकायमा विएसी, व्यवस्थापन संकायमा विविए, विविएम मात्र छ । अबको नेतृत्वले एम एसी, एम विए ल्याउन पहल गर्नु पर्दछ । पाल्पामा पढ्ने वातावरण भएकाले नयाँ-नयाँ विषयहरु, रोजगारीमुलक विषयहरु ल्याएर टियु तानसेनमा चहल-पहल पढाउनु पर्दछ ।

**- क्याम्पसमा सबै विद्यार्थीहरुले मतदान गर्ने व्यवस्था छ ?**

त्रिभुवन विश्वविद्यालयले तोकेको समयमा भर्ना भएका विद्यार्थीहरुले मात्र स्ववियु निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गरेको छ । निर्वाचनमा उम्मेदवार हुने विद्यार्थीको लागि २८ बर्षे उमेरहद कायम गरेको छ । क्याम्पसमा २ हजार ५ सय ७० जना विद्यार्थी रहे पनि १ हजार ८ सय ९४ जना विद्यार्थी मात्र मतदाता नामावलीमा समावेश भएका छन् । बाँकी रहेका अन्य विद्यार्थीहरुको लागि के कसरी मतदान प्रक्रियामा सहभागी गराउन सकिन्छ भन्ने विषयमा क्याम्पस प्रशासनसँग छलफल भईरहेको छ ।

**- अन्त्यमा के भन्नु हुन्छ ?**

सबै विद्यार्थी संघ/संगठन मिलेर स्ववियु निर्वाचनमा सहभागी बनौं, सर्वदलीय स्ववियु निर्माण गरौं । *धन्यवाद ।*

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई